# नेपाल राजपत्र

## भाग ३

**श्री ५ को सरकारद्वारा प्रकाशित**

**काठमाडौं, कात्तिक १३ गते २०३६ साल**

श्री ५ को सरकार

**उद्योग तथा वाणिज्य मन्त्रालयको**

**सूचना**

निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले खण्ड २८ मिति २०३५।४।३० संख्या १८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाको क्रमसंख्या (क) को खण्ड (१) पछि देहायबमोजिम प्रतिवन्धात्मक वाक्यांश थप गरिएको छ :–

"तर, श्री ५ को सरकार र सरकारी स्वामित्व भएका संस्थान तथा समितिहरूले सम्मेलन, गोष्ठी, तालीम, निरीक्षण भ्रमण र कुनै अन्तर्राष्ट्रिय संघ संस्थाको बैठकमा भाग लिन पठाएका व्यक्तिहरूले बाहेक निजी तवरमा विदेश भ्रमणमा जाने व्यक्तिहरूलाई माथि लेखिए अनुसार बिना इजाजतपत्र मालसामान ल्याउन पाउने सुविधा ३ महीनामा एकपटक मात्र दिइने छ।"

आज्ञाले–
रामप्रसाद शर्मा
श्री ५ को सरकारको निमित्त सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

३८०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।